# कानेपोखरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बयरबन, मोरङ

१ न प्रदेश

# आन्तरिक आय उत्खनन/संकलन तथा बिक्रीको बोलपत्र सम्बन्धि कागजातहरु, २०७७

# आ. व.२०७७/०७८

कामको विवरण

गिट्टी, बालुवा उत्खनन/संकलन तथा बिक्रि

ठेक्का नं.: **KRM/SQ/RIVER/05/077/78**

जारी मिति : २०७७/११/०६

**बोलपत्र सम्बन्धि विवरण**

सूचना प्रकाशनः २०७७/११/०६

खरिद गर्ने अन्तिम मितिः २०७७/११/२१

पेश गर्ने अन्तिम मितिः २०७७/११/२१, १२:०० बजेसम्म

ठेक्का खोल्ने मिति, समय र स्थानः २०७७/११/२१, दिनको २:०० बजे गाउँ कार्यपालिकाको कार्यालय

बोलपत्र फारम दस्तुरः रु. १,०००/-

पोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पैयरबन, मोरङ
१ नं. प्रदेश नेपाल

**बोलपत्रदाताको विवरण**

१. नामः
२. ठेगानाः

| | |
|---|---|
| क) जिल्लाः | ङ) नगर/गाउँपालिकाः |
| ख) वडा नं.: | च) सडकको नामः |
| ग) घर नं.: | छ) मोबाइल नं.: |
| घ) फोन नं. : | ज) इमेलः |

३. पिता वा पतिको नामः
४. बाबु वा ससुराको नामः
५. फर्म भए

| | |
|---|---|
| क) फर्म दर्ता नं.: | घ) दर्ता भएको विवरणः |
| ख) दर्ता मितिः | ङ) प्रोपाइटरको नामः |
| ग) प्रमुखको पदः | च) सम्पर्क फोन नं.: |

**बोलपत्रको विवरणः**

१. न्यूनतम कबोल रकम (मू.अ.क. बाहेक) रु. १०,५०,०००/- (दश लाख पचास हजार मात्र)
२. प्रस्तावित ठेक्का रकम (मू.अ.क. बाहेक)
   क) अंकमाः
   ख) अक्षरमाः
३. धरौटी/बैंक ग्यारेण्टीको विवरणः
   क) धरौटी/ग्यारेण्टी रकम अंकमाः
   ख) धरौटी/ग्यारेण्टी रकम अक्षरमाः
   ग) धरौटी जम्मा मितिः
   घ) बैंक ग्यारेण्टी जारी गर्ने बैंकको नाम, ठेगानाः
   ङ) बैंक ग्यारेण्टी जारी मिति र मान्य अवधिः

**शर्तहरुः**

१. शिलबन्दी बोलपत्र इ-बिडबाट मात्र गरिनेछ ।
२. शिलबन्दी बोलपत्र साथ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, आफ्नो ठेगाना भएको स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाणपत्र, सम्बन्धित निकायमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर सहितको PAN को प्रतिलिपी र आ.व. ०७६/०७७ को आयकर चुक्ता प्रमाणपत्र समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।
३. शिलबन्दी बोलपत्र पेश गर्दा कबोल रकम अंक र अक्षरमा प्रष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
४. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई आधार मानी धरौटी बापत कबोल अंकको नेपाली नागरिक भए ५% र गैर नेपाली नागरिक भए १०% रकम धरौटी राख्नु पर्नेछ । धरौटी बापत यस गाउँपालिकाको रमाइलो, मोरङमा रहेको एन.आई.सी. एशियाको खाता नम्बर D3CA000455752407 धरौटी खातामा रकम जम्मा गरेको भौचरको सक्कल प्रति पेश गरेको हुनुपर्नेछ ।
५. दर्ता भएको शिलबन्दी बोलपत्रहरु फिर्ता सम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन अनुसार नै हुनेछ ।
६. कुनै शर्त सहितको शिलबन्दी बोलपत्र स्वीकार्य हुने छैन ।

पोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पैयरबन, मोरङ
१ नं. प्रदेश नेपाल

७. शिलबन्दी बोलपत्र स्वीकृत भई सोको जानकारी प्राप्त भएको १५ दिनभित्र सम्झौता गरिसक्नुपर्नेछ र उक्त अवधि भित्र सम्झौता गर्न नआएमा उक्त शिलबन्दी बोलपत्रदाताको धरौटी जफत गरी दोश्रो बढी कबोल गर्नेलाई दिने प्रकृया नियमानुसार कारवाही अगाडि बढाइनेछ ।

८. ठेक्का स्वीकृत भएपछि सम्बन्धित ठेकेदारले बुझाउनु पर्ने ठेक्का रकम कार्यालयमा दाखिला गर्दा १३ प्रतिशतले हुने मू.अ.क. समेत बुझाउनु पर्नेछ ।

९. यस ठेक्काको सन्दर्भमा कुनै पनि स्थानीय तह वा नेपाल सरकारलाई कुनै पनि किसिमको कर, दस्तुर, शुल्क बुझाउनु पर्ने भएमा सो बुझाउने दायित्व ठेकेदारकै हुनेछ ।

१०. ठेक्का सम्झौता भइसकेपछि बीचमा कुनै कारण देखाई छोड्न पाइने छैन ।

११. ठेक्का सकार गर्ने ठेकेदारले गाउँपालिकाले तोकेको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखेर मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरिएको रसिदबाट उठाइएको पाइएमा नियमानुसार कानूनी कारवाही गरिनेछ । साथै रसिदको नमुना कार्यालयबाट उपलब्ध गराइने छ ।

१२. ठेक्का स्वीकृत हुने ठेकेदारले गिट्टी, बालुवा उत्खनन/सङ्कलन तथा निकासी गर्न पाउने नाका, परिमाण र समय IEE प्रतिवेदन अनुसार हुनेछ ।

१३. **<u>उत्खनन/संकलन (प्रति घन फिट)</u>**

क) ढुङ्गा, गिटी, रोडा र ग्रावेल रु.२/- (दुई रुपैया मात्र)

ख) बालुवा रु.१.७५/- (एक रुपैयाँ पचहत्तर पैसा)

ग) माटो (भरौट र बलौटो) रु. १.२५/- (एक रुपैया पच्चिस पैसा मात्र)

घ) नदि तथा खोलाले बगाएर ल्याएको दाउरा (दहत्तर बहत्तर) रु. १/-

१४. **<u>बिक्रि (प्रति घन फिट)</u>**

क) ढुङ्गा, गिट्टी, रोडा, ग्रावेल रु.४/- चार रुपैया मात्र

ख) बालुवा, चिप्स रु. ३/- तिन रुपैया मात्र ।

ग) माटो बरौटा र बलैटे रु २.५०/- (दुई रुपैया पचास पैसा मात्र)

घ) काठ, दाउरा र जराजुरी रु. १.५०/-

१५. IEE प्रतिवेदन यस ठेक्काको अभिन्न अंगको रुपमा मानिनेछ ।

१६. तोकिएको नाका र परिमाणभन्दा बढी उत्खनन/संकलन गरी बिक्री गरेमा सोबाट हुने हानी-नोक्सानी सवै ठेकेदारबाट भराइनेछ ।

१७. बिहान सुर्योदय भन्दा अगाडी र साँझ सुर्यास्त भन्दापछि ढुवानीका साधनहरुले घाटगद्धी स्थलमा प्रवेश गर्न पाइने छैन । यसरी नियम बिपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही गरिनेछ ।

१८. ठेक्का रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछः

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो किस्ता | सम्झौता हुँदाको वखत | कवोल अंकको ६०% ले हुन आउने रकम |
| दोस्रो किस्ता | २०७८ वैशाख १५ भित्र | कवोल अंकको २०% ले हुन आउने रकम |
| तेस्रो किस्ता | २०७८ जेठ पहिलो हप्ताभित्र | कवोल अंकको वाँकि २०% ले हुन आउने रकम |

१९. तोकिएको स्थानको लम्बाई, चौडाई र उचाई खुल्ने रेफरेन्स कायम गरि चिनो लगाएको मुचुल्का तयार गरेपछी कार्य सुरु हुनेछ ।

२०. भारी उपकरण (मेशीन) प्रयोग गर्ने सम्बन्धी व्यवस्था यस गाउँपालिकाले तोकेको कार्यविधि बमोजिम हुनेछ ।

२१. राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग वा अन्य सडकमा ढाट वा तगारो राखी कर सङ्कलन गर्न पाइने छैन । राखेको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

२२. बोलपत्र धरौटी बापत नगदै जम्मा गरिएको भएमा उक्त रकम एकमुष्ठ बुझाउने रकममा समायोजन गर्न पाइने छैन । यस्तो रकम वा बोलपत्र जमानत ठेक्का अवधि भएपछि आन्तरिक राजश्व कार्यालयबाट कर समायोजन पत्र लिई पेश गरेपछि मात्र फिर्ता वा फुकुवा दिइनेछ ।

२३. यस गाउँपालिका वा नेपाल सरकारको हित विपरित हुने कुनै काम गरेमा जुनसुकै बखत पनि ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिनेछ । यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदार स्वयंले व्यहोर्ने पर्नेछ ।

२४. तोकिएको शुल्क सङ्कलन कार्य गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्षवीच आपसी छलफलद्वारा समाधान गरिनेछ । त्यस्तो छलफलबाट सहमति हुन नसकेमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ । उक्त निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

२५. शिलबन्दी बोलपत्र (E-Bid) मा उल्लेख भए बाहेकका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२६. बन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुबाट सृजना हुने अवरोधका कारण ठेक्का रकम छुट वा मिन्हा दिइने छैन ।

२७. कुनै एक फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

२८. गिट्टी, बालुवा जस्ता पदार्थहरु नदीबाट उत्खनन गर्दा प्रचलित कानुन तथा गाउँ कार्यपालिका बैठकको निर्णय तथा निर्देशन पालना गर्नुका साथै नदीको प्राकृतिक बहावलाई प्रतिकुल असर नहुने गरी नदीको Channeling गरेर मात्र उत्खनन गर्नुपर्नेछ ।

२९. गिट्टी, बालुवा उत्खनन् गर्दा अर्काको घरजग्गा, कुलो बाँध, बाटो आदि क्षति हुनेगरी निकाल्न पाइने छैन ।

३०. यस ठेक्काको लागि सम्झौता अवधि २०७८ जेष्ठ मसान्त सम्म मात्र कायम गरिएको छ ।

३१. शिलबन्दी बोलपत्र (E-Bid) साथ पेश गर्ने कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित भएको हुनु पर्नेछ ।

३२. शिलबन्दी बोलपत्र (E-Bid) मा कबोल गरेको अंक बापतको रकम यस गाउँपालिकालाई बुझाउदा चेक मार्फत कारोबार गर्न पाइने छैन । कार्यालयले उपलब्ध गराएको बैंक खातामा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ ।

३३. गत विगत बर्षमा यस गाउँपालिकालाई ठेक्का रकम तिर्न बाँकी बक्यौता रहेको फर्म वा कम्पनीले यो सूचना बमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाउने छैन ।

३४. पेश भएका शिलबन्दी बोलपत्र (E-Bid) हरु दाखिला गर्ने अन्तिम दिन दिनको २:०० बजे यसै कार्यालयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थिती नभए पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३५. शिलबन्दी बोलपत्र (E-Bid) खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा ती कामहरु क्रमशः त्यसपछि कार्यालय खुलेको पहिलो दिन हुनेछन् ।

३६. बोलपत्रदाताले प्रत्येक पानाहरुमा सहिछाप लगाई बोलपत्र पेश गर्नु पर्नेछ ।